स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल
Independent Power Producers' Association, Nepal

# News Clips

www.ippan.org.np

आर्थिक अभियान
www.abhiyandaily.com

# बंगलादेशमा बिजुली बेच्न साउन १३ मा सम्झौता

अभियान संवाददाता
काठमाडौं

नेपालको ४० मेगावाट बिजुली बंगलादेश निर्यात गर्न साउन १३ मा त्रिपक्षीय सम्झौता हुने ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले बताएको छ। उक्त सम्झौतामा हस्ताक्षर भएपछि नेपाललाई पहिलोपल्ट भारतबाहेक तेस्रो देशमा बिजुली निर्यात गर्ने बाटो खुल्नेछ। सन् २०२१ देखि नेपालले भारतमा प्रतिस्पर्धात्मक विधिबाट बिजुली निर्यात गर्दै आएको छ।

'नेपाल विद्युत् प्राधिकरण, भारतको एनटीपीसी विद्युत् व्यापार निगम (एनभीभीएन) र बंगलादेश पावर डेभलपमेन्ट बोर्डबीच साउन १३ (जुलाई २८) मा त्रिपक्षीय सम्झौता हुने तय भएको छ,' मन्त्रालयका प्रवक्ता नवीनराज सिंहले आर्थिक अभियानसँग भने, 'यो ऐतिहासिक क्षण भएकोले ऊर्जामन्त्री दीपक खड्काले भारतीय र बंगलादेशी ऊर्जामन्त्रीलाई सम्झौता हस्ताक्षर कार्यक्रममा सहभागी हुन बुधवारै चिठी लेख्नुभएको छ।'

प्राधिकरण केही महीनादेखि नेपालबाट बिजुली निर्यात सम्बन्धमा बंगलादेश सरकारको निर्णय कुरेर बसेको थियो।

गत हप्ता बंगलादेश पावर डेभलपमेन्ट बोर्डले नेपालमा उत्पादित ४० मेगावाट विद्युत् खरीद-विक्रीका लागि सम्झौता गर्न नेपाल विद्युत् प्राधिकरणलाई पत्राचार गरेको थियो । त्यसपछि त्रिपक्षीय संयोजनको आधारमा त्रिपक्षीय हस्ताक्षरको मिति टुंगो लागेको मन्त्रालयले जानकारी दिएको छ।

प्राधिकरणका अनुसार प्राधिकरणले वर्षायामको ६ महीना (हरेक वर्ष जुन १५ देखि नोभेम्बर १५ सम्म) ५ वर्षसम्म ४० मेगावाट बिजुली अमेरिकी डलरमा भुक्तानी हुने गरी बंगलादेशलाई विक्री गर्नेछ । प्राधिकरणले बंगलादेशमा विद्युत् विक्री गरी प्रतियुनिट ६ दशमलव ४ अमेरिकी सेन्ट पाउनेछ।

**नेपाल विद्युत् प्राधिकरण, भारतको एनटीपीसी विद्युत् व्यापार निगम (एनभीभीएन) र बंगलादेश पावर डेभलपमेन्ट बोर्डले सम्झौतामा हस्ताक्षर गर्ने।**



मन्त्रालयका अनुसार प्रतिमहीना २८ हजार ८०० मेगावाट आवर बिजुली बंगलादेश निर्यात हुनेछ । आगामी ५ महीनामा जम्मा १ लाख ४४ हजार मेगावाट आवर बिजुली बंगलादेश निर्यात हुनेछ । यसबाट ५ महीनामा १ अर्ब २३ करोड रुपैयाँ बराबर नेपालले आम्दानी गर्नेछ।

प्राधिकरणबाट हालै अवकाश पाएका तत्कालीन उपकार्यकारी निर्देशक प्रदीपकुमार थिकेले तत्काल ४० मेगावाट मात्र बंगलादेश निर्यात भए पनि नेपालका लागि बंगलादेश पनि बजार हो भन्ने सन्देश जाने बताए । 'यसबाट दक्षिण एशियामा नेपालका लागि क्षेत्रीय बजार खुल्ने र बंगलादेशबाट नेपालको जलविद्युत् क्षेत्रमा लगानीको सम्भावना बढ्नेछ,' उनले अघिल्लो हप्ता आर्थिक अभियानसँग भनेका थिए । प्राधिकरणका अनुसार नेपालले भारतीय प्रसारण लाइनको उपयोग गरेर बिजुली बंगलादेश निर्यात गर्न लागेको हो।

» बाँकी पृष्ठ ५ मा

बंगलादेशमा बिजुली बेच्न साउन १३ मा सम्झौता

बाँकी पृष्ठ १ बाट ...

नेपाल र भारतबीचको पहिलो अन्तरदेशीय ढल्केबर-मुजफ्फरपुर ४०० केभी प्रसारण लाइन हुँदै बंगलादेश निर्यात हुने विद्युत्को मूल्य प्राधिकरणले भारतको मुजफ्फरपुर बिन्दुमा पाउनेछ । बंगलादेश निर्यात हुने विद्युत्को मीटर मुजफ्फरपुरमा रहनेछ । यसअघि बंगलादेशी कानूनअनुसार भएको व्यवस्थाबमोजिम बंगलादेश पावर डेपलपमेन्ट बोर्डले २०८० पुस १६ मा नेपालबाट उत्पादित ४० मेगावाट विद्युत् बंगलादेश, भारत र नेपालका निकायहरूबीचको त्रिपक्षीय सम्झौताअनुसार हुने गरी ५ वर्षसम्म खरीदका लागि बोलपत्र (टेन्डर) आह्वान गरेको थियो।

प्राधिकरणले विद्युत् विक्रीका लागि तोकिएको ढाँचामा विक्री गरिने विद्युत्को दरसहितको बोलपत्रसम्बन्धी कागजात पेश गरेको थियो । पेश गरिएका बोलपत्रसम्बन्धी कागजात मूल्यांकन गरी त्यसलाई सम्बद्ध निकायबाट स्वीकृत भएको जानकारी बोर्ड दिएको प्राधिकरणले अघिल्लो हप्ता प्रेस विज्ञप्तिमार्फत जानकारी गराएको थियो।

**नेपाल र बंगलादेशबीच ऊर्जासम्बन्धी द्विपक्षीय उच्चस्तरीय संयन्त्रको बैठक पनि साउन १४ र १५ गते पोखरामा हुने तय भएको छ।**

यसैबीच नेपाल र बंगलादेशबीच ऊर्जासम्बन्धी द्विपक्षीय उच्चस्तरीय संयन्त्रको बैठक पनि साउन १४ र १५ गते पोखरामा हुने तय भएको प्रवक्ता सिंहले बताए । उनका अनुसार सहसचिव स्तरीय जोइन्ट वर्किङ ग्रूपको बैठक साउन १४ गते र सचिवस्तरीय जोइन्ट स्टेरिङ कमिटी बैठक साउन १५ गते हुने तय भएको छ।

उक्त द्विपक्षीय संयन्त्रको बैठकमा ६८३ मेगावाट क्षमताको सुनकोशी ३ जलविद्युत् आयोजना संयुक्त रूपमा बनाउन लागि संयुक्त उपक्रम बनाउनेसम्बन्धी सम्झातौमा हस्ताक्षर हुन सक्ने पनि सिंहले बताए। 'हामीले सम्झातौको मस्यौदा बंगलादेशलाई पठाइसकेका छौं । बैठकअघि उताबाट सहमति प्राप्त भए सम्झौतामा हस्ताक्षर हुनेछ । नत्र यसबारे थप छलफल मात्र हुनेछ,' उनले भने।

सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

# नयाँ पत्रिका

nayapatrikadaily.com

१९ चैत २०८०, सोमबार (1 April 2024, Monday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक ३४३ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

# विद्युत्‌को सवा आठ अर्ब बक्यौता नतिर्ने उद्योगीलाई छुट दिने सरकारको संकेत

**६१ उद्योगलाई डेडिकेटेड र ट्रंकलाइनबापतको ३० महिनाको १३ अर्ब बक्यौता यसअघि नै मिनाहा भइसकेको छ, बाँकी २७ महिनाको आठ अर्ब २६ करोड भने तिराउने निर्णय भएकोमा उल्टै विद्युत् प्राधिकरणलाई धम्क्याइरहेका उद्योगीको पक्षपोषणमा सरकार**



**मिलन विश्वकर्मा**/नयाँ पत्रिका

डेडिकेटेड फिडर र ट्रंकलाइनबापतको महसुल बक्यौता तिर्न इन्कार गरिरहेका उद्योगीहरूलाई सरकारले छुट दिने संकेत गरेको छ। महसुल विवाद समाधान आयोग, २०८० को प्रतिवेदनका आधारमा अघिल्लो सरकारले विवादित पहिलो अवधि (०७२ साउनदेखि पुससम्म) र तेस्रो अवधि (०७५ जेठदेखि ०७७ जेठसम्म)को बक्यौता छुट दिँदै दोस्रो अवधि (०७२ माघदेखि ०७५ वैशाखसम्म)को महसुल असुल गर्ने निर्णय गरेको थियो। तर, महसुल तिर्नुको सट्टा उल्टै विद्युत् प्राधिकरणलाई धम्क्याउँदै आएका थिए।

बुधबार नेपाल उद्योग वाणिज्य महासंघका प्रतिनिधिसँगको भेटवार्तामा अर्थमन्त्री विष्णु पौडेलले डेडिकेटेड फिडर र ट्रंकलाइनको नाममा प्राधिकरणले उद्योगमा पठाएको बिल नै गैरकानुनी भएको अभिव्यक्ति दिएका छन्। प्राधिकरणले उद्योगीलाई तिर्न भनेको बक्यौता रकममा कानुनी आधार नभएको उनको दलिल छ।

'राज्यको कुनै पनि निकायले गैरकानुनी ढंगले यहाँ (उद्योगी)हरूमाथि दायित्व सिर्जना गर्न सक्दैन। यहाँहरूले बिल माग्नुहुन्छ, बिल दिन सक्दैन। तर, यति भने तिर्नुपर्छ भन्छ। यस्तो पनि कहीँ हुन्छ त ? हुँदैन,' उद्योगीहरूसँग उनले भने, 'त्यसकारण यो डेडिकेटेड फिडर र ट्रंकलाइनको महसुल बक्यौताको समस्या छ। यो समस्याका कारण उत्पादन तथा उद्योग बन्द हुने भन्ने पनि हुँदैन। उद्योगी-व्यवसायीमाथि गैरकानुनी ढंगले दायित्व सिर्जना हुने भन्ने पनि हुँदैन। हुन खोजेको छ, कसैले गर्न खोजेको छ भने पनि त्यस्तो कोसिस अब हुँदैन। मैले ठीकै भनेँ कि जस्तो लाग्छ, यहाँहरूले बुझ्नुभयो कि जस्तो लाग्छ। सायद यो समस्या समाधानका लागि केही समय चाहिएको छ। त्यसपछि यहाँहरूले यो समस्या समाधानका लागि फेरि डेलिगेसन आउनुपर्दैन।'

अर्थमन्त्री पौडेलले यस विषयमा प्रधानमन्त्री केपी ओलीले पनि सरकारको धारणा राखिसकेको बताए। 'तपाईंहरूले हिजो (मंगलबार) मात्रै प्रधानमन्त्रीसँग भेटवार्ता गरिसक्नुभएको छ। यसमा प्रधानमन्त्रीले सरकारको धारणा राखिसक्नुभएको छ,' उनले थपे, 'यसमा म दोहोऱ्याएर के भन्छु भने, यसलाई आतंक, डर र त्रासको रूपमा लिनुभएन।'

एमाले अध्यक्ष ओली प्रधानमन्त्री नबन्दै २७ असारमा पनि उद्योगीहरूले भेटेका थिए। उक्त भेटमा ओलीले विवाद समाधान आयोग (गिरीशचन्द्र लाल नेतृत्वको आयोग)को प्रतिवेदन अक्षरशः पालना हुनुपर्ने बताएका थिए। सोही

» पृष्ठ २ मा क्रमशः

## उद्योगीमाथि गैरकानुनी दायित्व सिर्जना हुनुहुँदैन



● विष्णु पौडेल, **अर्थमन्त्री**

राज्यको कुनै पनि निकायले गैरकानुनी ढंगले यहाँ (उद्योगी)हरूमाथि दायित्व सिर्जना गर्न सक्दैन। यहाँहरूले बिल माग्नुहुन्छ, बिल दिन सक्दैन। तर, यति रकम तिर्नुपर्छ भन्छ। यस्तो पनि कहीँ हुन्छ ? त्यसकारण यो डेडिकेटेड फिडर र ट्रंकलाइनको महसुल बक्यौताको समस्या छ। यही समस्याले उत्पादन तथा उद्योग बन्द हुने भन्ने पनि हुँदैन। उद्योगी-व्यवसायीमाथि गैरकानुनी ढंगले दायित्व सिर्जना हुने भन्ने पनि हुँदैन। हुन खोजेको छ, कसैले गर्न खोजेको छ भने पनि त्यस्तो कोसिस अब हुँदैन। मैले भनेको यहाँहरूले बुझ्नुभयो कि जस्तो लाग्छ। यो समस्या समाधानका लागि केही समय चाहिएको छ। त्यसपछि यहाँहरू फेरि डेलिगेसन आउनुपर्दैन। तपाईंहरूले हिजो (मंगलबार) मात्रै प्रधानमन्त्रीसँग भेटवार्ता गरिसक्नुभएको छ। यसमा प्रधानमन्त्रीले सरकारको धारणा राखिसक्नुभएको छ। यसलाई आतंक, डर र त्रासको रूपमा लिनुभएन।

## कुनै पनि हालतमा उद्योगीले बक्यौता तिर्नुपर्छ



● कुलमान घिसिङ, **कार्यकारी निर्देशक, नेपाल विद्युत् प्राधिकरण**

ऊर्जा मन्त्रालयमा भएको छलफलमा उहाँहरू (उद्योगी)ले बक्यौता तिर्दैनौँ भन्नुभयो। हामीले भने त्यो असुल हुनैपर्छ भन्यौँ। यसमा मन्त्रीज्यूले थप छलफल गर्ने भन्नुभएको छ। लाल आयोगको प्रतिवेदनका आधारमा मन्त्रिपरिषद्ले दिएको निर्देशनअनुसार हामीले बक्यौता असुल गर्न लागेको हो। त्यसअघि पनि एकपटक मन्त्रिपरिषद्ले नै यो बक्यौता उठाउन निर्देशन दिएको थियो। त्योबाहेक महालेखा, अख्तियार, अदालतलगायतका निकायले पनि बक्यौता उठाउन भनेका छन्। यस्तो अवस्थामा हामी पछि हट्ने कुरा आउँदैन। मन्त्रिपरिषद्ले नै थप निर्णय गर्छ भने त्यो फरक विषय भयो।

## विद्युत्‌को...

« पृष्ठ १ बाट क्रमशः

आयोगको प्रतिवेदनका आधारमा अघिल्लो सरकारले मन्त्रिपरिषद्ले बक्यौता उठाउने निर्णय गरेको थियो।

६१ उद्योगको पहिलो अवधि ०७५ जेठदेखि पुससम्मको एक अर्ब ४१ करोड ९० लाख ५० हजार र तेस्रो अवधि ०७५ वैशाखदेखि ०७७ जेठसम्मको नौ अर्ब एक करोड ९५ लाख १५ हजार गरी कुल १० अर्ब ४३ करोड ८५ लाख रुपैयाँ सावाँ बक्यौता थियो। यसको २५ प्रतिशत जरिवानासहित जोड्दा हुन आउने १३ अर्ब चार करोड ८२ लाख सरकारले मिनाहा गरिदिएको थियो। तर, दोस्रो अवधि ०७२ माघदेखि ०७५ वैशाखसम्मको सावाँ र जरिवानासमेत गरी आठ अर्ब २६ करोड बक्यौता तिर्नुपर्नेमा उद्योगीहरूले प्राधिकरणलाई धम्क्याउँदै बक्यौता नतिर्ने, बरु आफैँ उद्योगमा लाइन काट्ने चेतावनी दिँदै आएका छन्। बुधबार ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले पनि प्राधिकरण र उद्योगीहरू बोलाएर छलफल गरेका थिए। छलफलमा उद्योगीहरूले पैसा नतिर्ने र प्राधिकरणका प्रतिनिधिहरूले बक्यौता असुल गर्नुपर्ने अडान राखेका थिए। मन्त्रालयले एउटा प्रतिनिधिमूलक समिति बनाएर समाधानका लागि छलफल अघि बढाउने निर्णय गरेको छ। सोही समितिमार्फत यसबारे थप छलफल गरिने मन्त्रालयका प्रवक्ता नवीनराज सिंहले बताए। 'बुधबार प्राधिकरण र उद्योगीलाई बोलाएर छलफल गऱ्यौँ। त्यसमा उहाँहरूका आ-आफ्नै अडान देखियो,' उनले भने, 'यसमा सहजै सहमति हुने देखिएन। अब प्राधिकरण, उद्योगी र मन्त्रालयका प्रतिनिधि समेटेर सानो समिति बनाउँछौँ। त्यसबाटै यसको समाधानका लागि थप प्रक्रिया अघि बढाउँछौँ।'

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले कुनै पनि हालतमा उद्योगीले बक्यौता तिर्नुपर्ने बताए। 'ऊर्जा मन्त्रालयमा भएको छलफलमा उहाँहरूले बक्यौता तिर्दैनौँ भन्नुभयो। हामीले भने त्यो बक्यौता असुल हुनैपर्छ भन्यौँ। यसमा मन्त्रीज्यूले थप छलफल गर्ने भन्नुभएको छ,' उनले भने, 'आयोगको आधारमा मन्त्रिपरिषद्ले दिएको निर्देशनअनुसार हामीले बक्यौता असुल गर्न लागेको हो। त्यसअघिको पनि एकपटक मन्त्रिपरिषद्ले नै यो बक्यौता उठाउन निर्देशन दिएको थियो। त्योबाहेक महालेखा, अख्तियार, अदालतलगायतका निकायले पनि बक्यौता उठाउन भनेका छन्। यस्तो अवस्थामा हामी पछि हट्ने कुरा आउँदैन। मन्त्रिपरिषद्ले नै थप निर्णय गर्छ भने त्यो फरक विषय भयो।'

लोडसेडिङको बेला प्राधिकरणले प्रिमियम मूल्यमा उद्योगीलाई डेडिकेटेड फिडर र ट्रंकलाइनमार्फत २० देखि २४ घण्टासम्म विद्युत् उपलब्ध गराएको थियो। त्यसको प्रिमियम महसुल विवादमा छ। उद्योगीहरूले पहिलादेखि नै प्रमाण माग्दै आएका थिए। प्राधिकरणले प्रमाण दिएको दाबी गरेको छ। उद्योगीहरूले भने बक्यौता तिरेका छैनन्। तोकिएको म्यादमा कुनै पनि उद्योगले बक्यौता नतिरेपछि प्राधिकरणले लाइन काट्न सुरु गरेको छ। हालसम्म ६ उद्योगको लाइन काटेको छ। रिलायन्स स्पिनिङ मिल्स, घोराही सिमेन्ट, अर्घाखाँची सिमेन्ट, जगदम्बा सिन्थेटिक्स, जगदम्बा स्टिल र हुलास स्टिलको विद्युत् कटौती गरेको हो। बाँकी उद्योगमा आफैँ लाइन कटौती गर्ने धम्की उद्योगीले दिए पनि बुधबारसम्म त्यस्तो कदम चालेका छैनन्।

**FORWARD** फरवार्ड माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड
Microfinance Laghubitta Bittiya Sanstha Ltd
नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त संस्था - (राष्ट्रियस्तरको कार्यक्षेत्र भएको)
केन्द्रीय कार्यालयः दुहवी-५, सुनसरी
फोनः ०२५-५४२०१८, वेवसाईटः www.forwardmfbank.com.np

**सूची दर्ता गर्ने बारेको सूचना**

(प्रकाशित मितिः २०८१/०४/०३)

यस वित्तिय संस्थाको केन्द्रिय कार्यालय तथा मातहतका कार्यालयहरुलाई आर्थिक वर्ष २०८१/०८२ का लागि नियमित रुपमा आवश्यक पर्ने विविध सामग्री तथा सेवाहरु जस्तैः छपाई, मसलन्द, फर्निचर, कम्प्युटर र एसेसरिज, चेक राईटर, सेफ, कार्यालय उपकरण लगायतका सामान आपूर्ति तथा मर्मतसंभार, सेवाहरु आदि उपलव्ध गराउन ईच्छुक फर्म/कम्पनीले आफ्नो फर्म दर्ता र नविकरण, आयकर तथा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपीहरु संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्रमा यस कार्यालयमा सूची दर्ताका लागि आह्वान गरिन्छ। यस सम्बन्धी थप जानकारी संस्थाको वेवसाईटमा राखिएको छ।

**नेपाल सरकार**
**उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**हक दावी गर्न आउने बारेको**

**सूचना**

यस कार्यालयमा मिति २०७९/०२/१९ मा दर्ता भएको प्रा.लि.नं. २९१६३० को शुभदिन कन्स्ट्रक्सन प्रा.लि. नामक कम्पनीले दर्ता खारेज गरिपाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

karobar
1st National Economic Daily
नेपालमा सर्वाधिक पढिने पहिलो राष्ट्रिय आर्थिक दैनिक
कारोबार

# बंगलादेशसँग ४० मेगावाट विद्युत बिक्रीको सम्झौता १३ साउनमा

काठमाडौं (कास)- बंगलादेश पावर डेभलपमेन्ट बोर्ड (बिपिडिबी)ले नेपालमा उत्पादित ४० मेगावाट विद्युत खरिद-बिक्रीका लागि साउन १३ गते सम्झौता गर्ने भएको छ।

बिपिडिबीले वर्षायामको ६ महिनामा ४० मेगावाट विद्युत बिक्रीका लागि प्राधिकरणले पेश गरेको बोलपत्र सम्बन्धित निकायबाट स्वीकृत भएको जानकारी गराएको हो। विद्युत बिक्री सम्झौताका लागि असार अन्तिम साता पत्राचार गरेसँगै त्रिपक्षीय सम्झौताको मिति तय भएको छ।

कानुनमा भएको व्यवस्था बमोजिम २०८० पुस १६ मा नेपालबाट उत्पादित ४० मेगावाट विद्युत बिक्रीका लागि बंगलादेश, भारत र नेपालका निकायबीच त्रिपक्षीय सम्झौता भएको थियो। सोहीअनुसार हुने गरी पाँच वर्षसम्म खरिदका लागि बोलपत्र आह्वान गरिएको थियो। यससँगै विद्युत प्राधिकरण, बिपिडिबी र भारतको एनटीपीसी विद्युत व्यापार निगम (एनभीभीएन)बीच सम्झौता हुने मिति तय भएको हो।

ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयका सहसचिव नवीनराज सिंहका अनुसार आगामी साउन १३ मा त्रिपक्षीय सम्झौता हुने मिति तय भएको हो।

ऐतिहासिक सम्झौता हुने भएकाले ऊर्जा मन्त्री दीपक खड्का, भारतका विद्युत मन्त्री मनोहर लाल र बंगलादेशका ऊर्जा तथा खनिज राज्यमन्त्री नसरुल हमिदको उपस्थितिमा त्रिपक्षीय सम्झौता हुने मिति तय गरेर निमन्त्रणा पठाइएको सहसचि सिंहले बताए। उनले भने,'आगामी साउन १३ मा काठमाडौंमा ४० मेगावाट विद्युत बिक्री त्रिपक्षीय सम्झौता हुने छ। सोही अनुसार निमन्त्रण समेत पठाइएको छ।'

जुलाई २९ र ३० मा भने थप साइड मिटिङहरु राखिएको छ। प्राधिकरणले वर्षा यामको ६ महिना अर्थात् हरेक वर्षको जुन १५ देखि नोभेम्बर १५ सम्म पाँचवर्षको लागि ४० मेगावाट विद्युत अमेरिकी डलरमा बंगलादेशलाई बिक्री गर्नेछ। प्राधिकरणले बंगलादेश विद्युत बिक्री गरी प्रतियुनिट अमेरिकी डलर ६.४० सेन्ट पाउने छ।

नेपाल र भारतबीचको पहिलो अन्तरदेशीय ढल्केबर-मुजफ्फरपुर ४०० केभी प्रसारणलाइन हुँदै बंगलादेश निर्यात हुने विद्युतको मूल्य प्राधिकरणले भारतको मुजफ्फरपुर विन्दुमा पाउने छ। बंगलादेश निर्यात हुने विद्युतको मिटर मुजफ्फरपुरमा रहने छ। ढल्केबरबाट मुजफ्फरपुरसम्मको प्रसारणलाइनको प्राविधिक चुहावट प्राधिकरणले नै व्यहोर्नेछ। मुजफ्फरपुरबाट भारतको प्रसारणलाइनमार्फत बहरामपुर (भारत) - भेरमारा (बंगलादेश) ४०० केभी प्रसारण लाइनहुँदै बंगलादेश विद्युत पुग्नेछ।

प्राधिकरणले विद्युत बिक्रीका लागि तोकिएको ढाँचामा बिक्री गरिने विद्युतको दरसहितको बोलपत्र सम्बन्धी कागजात पेश गरेको थियो। पेश गरिएका बोलपत्र सम्बन्धी कागजात मूल्यांकन गरी त्यसलाई सम्बन्धित निकायबाट स्वीकृत भएको जानकारी दिँदै बिपिडिबीले बोलपत्र स्वीकार गर्ने सूचना प्राधिकरणलाई दिएको थियो।

प्राधिकरणले सात दिनभित्र बोलपत्र स्वीकार गरेको लिखित सूचना बिपिडिबीलाई दिएपछि प्रक्रिया अगाडि बढेको हो। त्यसपछि बिपिडिबीले विद्युत बिक्री सम्झौताको मस्यौदा प्राधिकरणलाई उपलब्ध गराएको थियो। मस्यौदा प्राप्त भएको २८ दिनभित्र सम्झौता गर्नु पर्ने व्यवस्था रहेको छ।

प्राधिकरणले भारतीय अनुदानमा निर्माण भएका तथा आफ्नो स्वामित्वमा रहेको २५ मेगावाटको त्रिशूली र सहायक कम्पनीमार्फत निर्माण गरिएको २२ मेगावाटको चिलिमे जलविद्युत आयोजनाबाट उत्पादित विद्युत बंगलादेश निर्यात गर्ने तयारी गरेको छ।

# १३२ केभी बुर्तिबाङ सबस्टेसन अन्तिम चरणमा

बागलुङ (रासस)- बागलुङको बडिगाड गाउँपालिका-५ ग्वालिचौरका स्थानीयको अवरोधका कारण १३२ केभी बुर्तिबाङ सबस्टेसन अहिलेसम्म सञ्चालनमा आउन सकेको छैन। स्थानीयले केन्द्रीय प्रसारण लाइनको टावर निर्माण गर्न नदिँदा सञ्चालनमा आउन नसकेको हो। गत असार पहिलो साता नै सञ्चालनमा ल्याउने गरी आयोजना कार्यालयले काम गरेको थियो।

पाँच वर्ष अगाडि निर्माण सुरु भएको बुर्तिबाङ सबस्टेसन हालसम्म ९२ प्रतिशत काम सकिएको आयोजना कार्यालयले जनाएको छ। बडिगाडका स्थानीयले टावर निर्माण रोक्न माग गर्दै सर्वोच्च अदालतमा रिट दायर गरेपछि आयोजनाको काम रोकिएको थियो। गत असार ९ गते सर्वोच्चले रिट नै खारेज गरिदिएपछि पुनः काम सुरु गर्ने आयोजना प्रमुख मनोज चौधरीले जानकारी दिए। कपिलवस्तुको मोतिपुरदेखि सुरु भएर अर्घाखाँचीको सन्धिखर्क गुल्मीको तम्घास, पौँदीअमराई हुँदै बुर्तिबाङ जोड्ने १३२ केभीको सबस्टेसन विसं २०७८ सालदेखि निर्माण सुरु भएको थियो।

ढोरपाटन नगरपालिका-२ खल्टुबोटमा सबस्टेसनको निर्माण भएको छ। विसं २०७६ मा ठेक्का प्रक्रिया अगाडि बढाए पनि दुईपछि मात्रै काम सुरु भएको थियो। मोतिपुरदेखि सन्धिखर्कसम्मको लाइन विसं २०७८ चैत १२ गते परीक्षण गरी सुचारु गरिएको भन्दै गुल्मीको तम्घासको सबस्टेसन असार ७ गतेदेखि सञ्चालनमा आएको प्रमुख चौधरीले जानकारी दिए।

सर्वोच्चले रिट खारेजपछि अब काम तीव्र गतिमा हुने उनको भनाइ छ। गुल्मीको पौँदीअमराई र बागलुङको बुर्तिबाङ सबस्टेसन एकै पटक सञ्चालन गरिने उनी बताउँछन्। उनका अनुसार पौँदीअमराईदेखि बुर्तिबाङसम्मको १४ किलोमिटरको दूरीमा ४१ वटा टावर निर्माण गर्नुपर्ने भन्दै हालसम्म २६ वटा निर्माण भइसकेको र अझै १५ वटा निर्माण गर्ने बाँकी रहेका छन्।

पन्ध्र वटा टावरसँगै लाइनसमेत तान्न बाँकी रहेको आयोजना प्रमुख चौधरीको भनाइ छ। 'काममा कुनै बाधा नभएको हुन्थ्यो भने यतिबेला १३२ केभी बुर्तिबाङ सबस्टेसन सञ्चालनमा आउने थियो, हाम्रो लक्ष्य असारमै सक्नुपर्ने थियो, तर विभिन्न बाध्यात्मक परिस्थितिले गर्दा ढिला भयो,' उनले भने, 'अब छिट्टै कामलाई गति दिएर सक्छौं, स्थानीयलाई मुआब्जा दिने काम पनि भइरहेको छ, विद्युत प्राधिकरण केन्द्रबाटै छिटो काम सक्नका लागि प्रेसर छ, छिट्टै नै काम सक्छौं र सञ्चालनमा ल्याउँछौं।'

सबस्टेसन निर्माणका लागि पाँच वर्ष अगाडि ठेक्का प्रक्रिया गरी ४० करोडमा निर्माण जिम्मा लिएको थियो भने लाइन विस्तारका लागि करिब ८३ करोडको लागतमा निर्माण कम्पनीलाई जिम्मा दिइएको थियो।